२०७७ श्रावण २८ गते

जिल्ला प्रशासन कार्यालय स्याङ्जा

COVID CRISIS MANAGEMENT CENTER-CCMC, स्याङ्जाको बैठक अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री गंगा बहादुर क्षेत्रीको अध्यक्षता र सल्लाहकार द्वयको विशेष उपस्थितिमा तपसिलको उपस्थितिमा आज बसी देहायका निर्णयहरु गरियो ।

## तपसिलः

विशेष आमन्त्रितः माननीय मिनप्रसाद गुरुङ, गण्डकी प्रदेश संसद

| | |
|---|---|
| श्री सीता कुमारी सुन्दास- प्रमुख, जिल्ला समन्वय समिति, स्याङ्जा- | सल्लाहकार |
| श्री सीमा कुमारी क्षेत्री-प्रमुख, पुतलीबजार नगरपालिका, स्याङ्जा- | सल्लाहकार |
| श्री गंगा बहादुर क्षेत्री-प्रमुख जिल्ला अधिकारी स्याङ्जा- | अध्यक्ष |
| श्री विश्व प्रकाश अर्याल- जिल्ला समन्वय समिति स्याङ्जा- | सदस्य |
| श्री बिमलराज कँडेल- प्रहरी उपरीक्षक- | सदस्य |
| श्री ~~हेमराज~~ सुनिल विष्ट-सेनानी- | सदस्य |
| श्री राजेश खरेल-सशस्त्र प्रहरी नायब उपरिक्षक- | सदस्य |
| श्री कुमार बुढाथोकी-प्रमुख अनुसन्धान अधिकृत- | सदस्य |
| डा. श्री सुशिल कुमार मरासिनी-मे.सु. | सदस्य |
| श्री याम प्रसाद शर्मा- प्रमुख स्वास्थ्य कार्यालय स्याङ्जा | सदस्य |
| श्री दिनेश अर्याल-मन्त्री नेपाल रेडक्रस सोसाइटी स्याङ्जा | सदस्य |

कार्यसूची:

१. हालसम्मको अवस्थाको समीक्षा सम्वन्धमा ।

२. संक्रमणको जोखिम बढेसगै सतर्कता सम्वन्धमा ।

३. रोकथाम र नियन्त्रणको थप उपाय सम्वन्धमा ।

निर्णयहरु:

१. COVID-19 अर्थात कोरोना भाइरसको बढ्दो संक्रमण रोकथाम र नियन्त्रणका लागि यस अघिका बैठकबाट अत्यावश्यक वस्तु र सेवा प्रवाह बाहेकका सेवा प्रवाह नगर्न नगराउन भएको निर्णानुसार सोही मुताविक जिल्लाभर क्रियान्वयन हुँदा रोकथाम र नियन्त्रण प्रभावकारी हुन गएको सवै क्षेत्रबाट महशुश भएकोले यस सम्वन्धमा छलफल गर्दा उक्त बैठक अगाडी र तत्पश्चात देखिएका संक्रमितका सम्पर्कमा रहेका व्यक्तिहरुको स्वाब संकलन गरी पठाइएको र आवातजावत र सेवा प्रवाह नियन्त्रित हुँदा रोकथाम र नियन्त्रणमा थप प्रभावकारिता आएको निश्कर्ष निकालियो ।

२. COVID-19 को रोकथाम र नियन्त्रणका कार्य हालसम्म सामान्य ढंगले अघि बढे तापनि पछिल्लो समयमा भारत र तेस्रो मुलुकबाट आएका बाहेकका व्यक्तिहरुमा पनि संक्रमण देखिन गई उनीहरुको सम्पर्कमा आएका व्यक्तिहरुको स्वाब संकलन गरी परीक्षणका लागि पठाइएका मध्ये केहीमा संक्रमण भएको भइएकोले समुदाय स्तरमा पनि आवतजावत नियन्त्रण गर्नुपर्ने, सामाजिक /भौतिक दूरी कायम गर्नुपर्ने र मास्कको प्रयोग गर्ने लगायतका स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्वनमा थप कडाइ गर्नुपर्ने आवश्यकता रहेकोले अत्यावश्यक वस्तु र सेवा बाहेकका सेवा प्रवाह नगर्ने नगराउने यस अघिको बैठकको निर्णयलाई निरन्तराता दिई मिति २०७७/०४/३० गते देखि २०७७/०५/०४ अर्थात थप ७ (सात) दिन जिल्लाभर आवातजावत र सेवा नियन्त्रित गर्ने गराउने र यस सम्वन्धमा नेपाल सरकारबाट निर्णय भए ~~सोही~~ मुताविक सूचना जारी गरी क्रियान्वयन गर्ने गराउने ।

३. जिल्लाका सवै स्थानीय तहहरुले COVID-19 रोकथाम र नियन्त्रणमा थप सतर्कता अपनाउनु पर्ने अवस्था देखिएकोले आ-आफ्नो क्षेत्रमा बाहिरबाट आउनेहरुको निगरानी राखी क्वारेणटाइनमा राख्ने, भीड जम्मा, भेला गोष्ठी, सेमिनार, भोजभतेर नगर्ने नगराउने, विद्यालयमा उपस्थित भई गरिने पठन पाठन, कोचिङ्ग तथा टिउसन सेन्टर संचालन नगर्ने नगराउने, अनलाइन कक्षा, रेडियो तथा टेलिभिजनबाट दुर श्रब्य दृश्य कक्षा जस्ता बैकल्पिक सिकाइ विधिहरु अपनाउने र घर बाहिर निस्कदा मास्कको अनिवार्य प्रयोग गर्ने र भौतिक / सामाजिक दूरी कायम राखी समुदाय सम्म सचेतना सञ्चार गर्न अनुरोध गरी पठाउने ।